# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनीप्रदेश, नेपाल

०७५-६९१०२५
०७५-६९२३४३
V9F8+RM


सूचना न: ०१ कृषि शाखा

मिति: २०७९/०६/२५

## सूचना ! सूचना !!सूचना !!!

रैनादेवी छहरा गाउँपालिका गाउँ कार्यपालिकाको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा तपसिल बमोजिमका कार्यक्रम संचालन गरिने भएकाले इच्छुक कृषकहरुलाई सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सम्बन्धित वडा कार्यालय वा कृषि शाखामा आवश्यक कागजात सहित कार्यालय समयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल :**

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने वडा | संलग्न गर्नुपर्ने कागजातहरु | अनुदानको मापदण्ड तथा सिमा |
|---|---|---|---|---|
| १ | भकारो सुधार | सबै वडा | • निवेदन<br>• नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• जग्गाको स्वामित्व देखिने प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा ५ वर्षको भाडा सम्झौतानामा । | • व्यावसायिक रुपमा दुध उत्पादन गर्ने कम्तिमा २ वटा गाईभैसी नियमित / रुपमा पालेको कृषक हुनु पर्नेछ ।<br>• प्रति भकारो सुधार गरेवापद कुल लागतको ५० % वा बढीमा १०,०००/- (अक्षरुपी दश हजार) रकम नबढ्ने गरि अनुदान प्राप्त गर्नेछन । |
| २ | सिमेन्ट पोखरी निर्माण | सबै वडा | • निवेदन<br>• नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• जग्गाको स्वामित्व देखिने प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा ५ वर्षको भाडा सम्झौतानामा । | • कम्तिमा ३ रोपनी क्षेत्रफलमा तरकारी खेति गरेको कृषक हुनुपर्नेछ ।<br>• प्रति पोखरी निर्माण गरेवापद कुल लागतको ५० % वा बढीमा ४०,०००/- (अक्षरुपी चालिस हजार ) रकम नबढ्ने गरि अनुदान प्राप्त गर्नेछन् । |

०७९/०६/२५

प्रमुख प्रशासकीय अधिकृत

# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनीप्रदेश, नेपाल

०७५-६९१०२५
०७५-६९२३८३
V9F8+RM

सूचना न: ०१ कृषि शाखा

| | | | | |
|---|---|---|---|---|
| ३ | मिनिटिलर वितरण | सबै वडा | • निवेदन<br>• नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• जग्गाको स्वामित्व देखिने प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा ५ वर्षको भाडा सम्झौतानामा।<br>• कृषि समूह/कृषि सहकारीको हकमा दर्ता/नवीकरणको प्रमाण पत्रको प्रतिलिपि र कार्यक्रम माग साथै कार्यक्रममा सहभागी हुने कृषकहरु र क्षेत्रफल वा क्रियाकलाप प्रस्ट खुलेको निर्णयको प्रतिलिपि / | • कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारीहरु लाभान्वित हुन सक्नेछन।<br>• कृषकको हकमा व्यावसायिक रुपमा कम्तिमा ३ रोपनी क्षेत्रफलफमा तरकारी खेती, ६ रोपनि क्षेत्रफलमा अन्नबाली खेति गर्ने कृषक हुनुपर्नेछ। |
| ४ | कुटानी पिसानी मिल | सबै वडा | • निवेदन<br>• नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• जग्गाको स्वामित्व देखिने प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा ५ वर्षको भाडा सम्झौतानामा।<br>• कृषि समूह/कृषि सहकारीको हकमा दर्ता/नवीकरणको प्रमाण पत्रको प्रतिलिपि र कार्यक्रम माग साथै कार्यक्रममा सहभागी हुने कृषकहरु र क्षेत्रफल वा क्रियाकलाप प्रस्ट खुलेको निर्णयको प्रतिलिपि। | • कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारीहरु लाभान्वित हुन सक्नेछन।<br>• कृषकको हकमा व्यावसायिक रुपमा कम्तिमा ५ रोपनी क्षेत्रफलमा अन्नबालि खेती गर्ने कृषक हुनुपर्नेछ। |

०८१।०६।१८

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ :
श्रीमान् अध्यक्षज्यू , रै.छ.गा.पा.

बोधार्थ :
श्री वडा कार्यालय सबै, रै.छ.गा.पा. : सूचना टास गरि प्राप्त निवेदनहरुको एकमुष्ट सिफारिस म्याद सकिएको भोलिपल्ट अनिवार्य रुपमा गा.पा. को कृषि शाखामा पेश गर्नुहुन।